# सार्वजनिक निकायका  कार्यलय प्रमुख तथा सूचना अधिकारीहरुका **लागि** राष्ट्रिय सूचना आयोगको सार्वजनिक आव्हान

प्रत्येक  सार्वजनिक निकायको **कार्यालय** प्रमुखले आफ्नो निकायमा सूचना  अधिकारीको व्यवस्था गर्नु पर्ने प्रावधान सूचानाको हक संम्बन्धी  ऐन , २०६४ को दफा ६ मा रहेको व्यहोरा विदितै छ। यसैगरी सूचना अधिकारीको पहुचमा सूचना पुराउने, सूचना शाखाको व्यवस्था गर्ने र प्रत्यक ३/३ महिनामा ऐनको दफा ५(३) र ऐ.नियमावलीको **नियम** ३ बमोजिम २० **प्रकारको सूचना** स्वत : प्रकाशन  (Proactive Disclosure) गर्नु पर्ने व्यवस्था  रहेको छ। सो सम्बन्धमा देहाय बमोजिमको व्यवस्था  गर्नु गराउनु भई आयोगलाई समेत जानकारी गराउन हुन सम्बन्धीत सबैलाई सार्वजनिक आव्हान गरिन्छ।

१। .प्रत्येक मन्त्रालय /विभाग र कार्यलय प्रमुखहरुले आफ्नो निकायमा सूचना अधिकारीको व्यवस्था  गर्नु  पर्ने। यसरी सूचना अधिकारी तोक्दा  कार्यलया प्रमुखले आफुभन्दा दोस्रो वा तेस्रो वोरियताको अधिकारी तोक्नु पर्नेछ। राजनैतिक दल ,गैर सरकारी संस्था, निजी सोत्र र सबै सार्वजनिक निकायले पनि यस्को पालना गर्नुपर्छ।

२। सूचना अधिकारीको नाम, पद र मोवाईल नम्बर सहितको फेक्स बोर्ड सावजनिक गर्ने।

३। .सूचना अधिकारीको सरुवा, बढुवा  भै अन्य व्यक्ति तोकिएको अवस्था वा नयाँ सूचना अधिकारी तोक्न परेमा ७  दिन भत्रि तोकी आयोगको  Email info@nic.gov.np तथा लिखित रुपमा राष्ट्रिय सूचना आयोगलाई जानकारी गराउने।

४। सूचना अधिकारीहरुले आफु सरुवा भै वा सूचना अधिकारीको जिम्मेवारी नरहेमा वा अन्य कर्मचारीलाई सूचना अधिकारी तोकिएको अवस्था भएमा ७ (सात ) दिन भित्र राष्ट्रिय सूचना आयोगमा लिखित रुपमा जानकारी गराई info@nic.gov.np मा पनि इमेल गरीदिनु हुन अनुरोध गरिन्छ। यसैलाई आधार मानी आयोग वेभ साईटमा सबै सूचना अधिकारीको विवरण दुरुस्त गरिनेछ।